# कोहलपुर राजपत्र

**खण्ड :०२** **संख्या : ०२** **प्रकाशित मिति : २०७५/०३/३२**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कोहलपुर नगरपालिकाको नगर सभाले बनाएको तललेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग-०१

## कोहलपुर नगरपालिका

### कोहलपुर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुका लागि स्थानीय संचित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन-२०७५

**प्रस्तावना** :कोहलपुर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कोहलपुर नगरपालिकाको तेस्रो नगर सभाले यो ऐन बनाएको छ ।

**१.** संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम कोहलपुर नगरपालिकाको विनियोजन ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूचि १** मा उल्लिखित चालु खर्च पुजिगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत गरी जम्मा रकम रु .६७,९९,०८,६०६।०९ (अक्षेरुपी सत्तसट्टी करोड उन्नानसय लाख आठ हजार छ सय छ रुपैया नौं पैंसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३.** विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ का निमित्त कोहलपुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन

आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानि खर्च र व्याज भुक्तानि खर्च शीर्षकमा बाहेक अन्य चालुखर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानि खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानि खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची-१

**(दफा २ संग संवन्धित )**

**नेपालको संविधानको धारा २२९(२) बमोजिम**

**संचित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगर कार्यपालिका | १४,७७,६१,०००।- | ३५,४४,४३,२००।०९ | ० | ५०,२२,०४,२००।०९ |
| ३ | | वडा समिति | ० | ७,१३,९२,८००।- | ० | ७,१३,९२,८००।- |
| ४ | | विषयगत शाखा | ० | ८,५८,७५,०४४।- | ० | ८,५८,७५,०४४।- |
| ५ | | ऋणको साँवा व्याज भुक्तानि | ० | ० | ० | ० |
| ७ | | लगानि (शेयर /ऋण) | ० | ० | ० | ० |
| ८ | | आ.व. २०७४/०७५ को क्रमागत योजना | ० | २,०४,३६,५६२।- | ० | २,०४,३६,५६२।- |
| **कुल जम्मा** | | | **१४,७७,६१,०००।-** | **५३,२१,४७,६०६।०९** | ० | **६७,९९,०८,६०६।०९** |

**प्रमाणिकरण मिति : २०७५/०३/२८**

**आज्ञाले**
**प्रेम प्रसाद देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**